भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलपिङकट्टि, सिन्धुपाल्चोक
वागमती प्रदेश, नेपाल
फोन नं : ०१-६२०१८१७
इमेल: ito.bhotekoshimun@gmail.com

# सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/१०/१४**

यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोकको लागि आ.ब. २०७९/०८० को लागि तपसिलका पदमा कर्मचारी आवश्यक परेको र खुल्ला प्रतियोगिताद्धारा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात २०७९/१०/२८ गते कार्यालय समय भित्र दरखास्त पेश गर्नु हुन सरोकारवाला सबैका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । म्याद नाघी आएका वा रीत नपुगि पेश भएका दरखास्त उपर कुनै कार्वाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपसिल**

| क.स. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | दरखास्त शुल्क |
|---|---|---|---|---|---|
| १. | १२-२०७९/०८० | एम.आई.एस अपरेटर | पाँचौ तह | १ | रु ५००/- |
| २. | १३-२०७९/०८० | रोजगार सहायक | पाँचौ तह | १ | रु ५००/- |
| ३. | १४-२०७९/०८० | उद्यम विकास सहजकर्ता | चौथों तह | २ | रु ४००/- |

१. दरखास्त फारामका साथ पेश गर्नु पर्ने अन्य कागजातहरु :
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
- कार्य अनुभव भए सो को प्रमाणित प्रतिलिपी
- न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो योग्यता भए सोको प्रमाणपत्रको प्रतिलिपी
- तोकिएको दरखास्त दस्तुर तिरेको बैंक भौचर
- उम्मेदवारको दरखास्त फाराम

२. शैक्षिक योग्यता :
- **एम.आई.एस अपरेटर**: नेपाल सरकारको मान्यता प्राप्त विश्विवद्यालय वा शिक्षण संस्थाबाट १०+२/प्रविणता प्रमाणपत्र तहमा कम्प्यूटर विषय लिई उत्तिर्ण गरेको वा १०+२/प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ६ महिना कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको वा सो सरह ।
- **रोजगार सहायक** : नेपाल सरकारको मान्यता प्राप्त विश्विवद्यालय वा शिक्षण संस्थाबाट प्रमाणपत्र तह, प्लस २ वा सो सरह उत्तिर्ण भएको, मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ३ महिना कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको वा सो सरह ।
- उद्यम विकास सहजकर्ता :
  - ➢ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट वा मान्यता प्राप्त शिक्षण सस्थाबाट उद्यम विकास सहजकर्तामा डिप्लोमा कोर्ष उत्तीर्ण वा सो सरह सिप परीक्षण तह उत्तीर्ण । वा
  - ➢ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट वा मान्यता प्राप्त शिक्षण सस्थाबाट उद्यम विकास सहजकर्तामा प्रवेशिका परीक्षा TSLC/TSEE उत्तीर्ण वा सो सरह सिप परीक्षण तह २ वा ३ उत्तीर्ण ।

३. उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको,

४. दरखास्त वुझाउने स्थान : गाउँ कार्यपालिकाको आन्तरिक राजश्व खाता नं. २४१०१०१७५०००००२८ नविल बैंक, तातोपानी शाखा, सिन्धुपाल्चोक

५. सेवा सर्त तथा तलव सुविधा :
- एम.आई.एस अपरेटर : स्थानीय सेवाको पाँचौ तह सरह ।
- प्राविधिक सहायक : स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड २०७८ बमोजिम ।
- उद्यम विकास सहजकर्ता चौथो : स्थानीय तहको चौथो तह सरह ।

६. काम गर्नु पर्ने स्थान : भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक

७. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता

८. दरखास्त फाराम वुझाउने स्थान : भोटेकोशी गाउँ कार्यपालिकाको कार्यालय वा यस कार्यालयको Email ठेगाना ito.bhotekoshimun@gmail.com मा दरखास्त फाराम, बैंक भौचर र आवश्यक कागजातहरुको PDF बनाई तोकिएको समय भित्र Email गर्नु पर्ने छ ।

९. परीक्षा सम्बन्धि जानकारी कार्यालयको वेव साइट/फेसबुक पेज र सूचना पार्टीमा पछि प्रकाशन गरिनेछ ।

१०. थप जानकारीको लागि : प्रमुख प्रशासकीय अधिकृत ९८५११४७२२१ प्रशासन शाखा ९८५१२८०४४३ वा सूचना प्रविधि शाखा ९८६७६८५७६२

११. आवेदन स्वीकृत/अस्वीकृत वा विज्ञापन रद्ध गर्ने सम्बन्धि सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहनेछ ।

१२. लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउदा पेश गरेका कागजातहरुको सक्कल सहित उपस्थित हुनु पर्ने छ ।

नोट : दरखास्त फाराम गाउँ कार्यपालिकाको कार्यालय वा वेव साइट (www.bhotekoshimun.gov.np) बाट प्राप्त गर्न सकिने छ । साथै दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ ।

............................
प्रमुख प्रशासकीय अधिकृत